# जुलाई 2024 Vermont Flood Resources

## भर्मोन्ट राज्यको प्रतिकार्य

- जुलाई 10-11, 2024 मा भर्मोन्टका धेरै काउन्टीहरूका विभिन्न समुदायहरूमा बाढीको प्रभाव परेको थियो।
- जुलाई 10 मा गभर्नरले हालको बाढीको प्रतिकार्यलाई समेट्नका लागि 2023 बाढीको आपत्कालीन अवस्थालाई बढाउनुभयो।
- State Emergency Operations Center (SEOC) ले राज्यको प्रतिकार्यको समन्वय गरिरहेको छ र नगरपालिकाहरूलाई तिनले तत्कालका आवश्यकताहरूमा प्रतिकार्य गर्दै गर्दा र पुनर्लाभतर्फ अगाडि बढ्दै जाँदा सहायता गरिरहेको छ।
- भर्मोन्ट राज्यले Public Assistance Disaster Declaration का लागि भर्मोन्ट योग्य छ कि छैन भनेर निर्धारण गर्न FEMA बाट क्षतिको मूल्याङ्कन अनुरोध गरेको छ। मूल्याङ्कनहरू एडिसन, अर्लिन्स, वाशिंगटन, क्यालेडोनिया, चिटेनडेन, लामोइल, ओरेन्ज र एसेक्स काउन्टीहरूमा गरिनेछ।
- राज्यले Individual Assistance Disaster Declaration का लागि भर्मोन्ट योग्य छ कि छैन भनेर निर्धारण गर्न पनि FEMA बाट क्षतिको मूल्याङ्कन अनुरोध गरेको छ। मूल्याङ्कनहरू वाशिंगटन र क्यालेडोनिया काउन्टीहरूमा गरिनेछ।

## तपाईंको घर वा व्यवसायमा क्षति पुगेको भएमा के गर्ने

- **तत्कालका आवश्यकता र सेवाहरूका लागि जोडिनुहोस्:**
  - आपत्कालीन आश्रयस्थल, खाद्यान्न वा अन्य सहायता सेवाहरूका लागि 2-1-1 डायल गरी 211 मा फोन गर्नुहोस्।
  - मानसिक स्वास्थ्य सहायताका लागि 9-8-8 डायल गरी 988 मा फोन गर्नुहोस्।
  - बेरोजगारी लाभहरूका लागि Vermont Department of Labor Flood पेजमा जानुहोस्। (धेरै भाषाहरूमा)
- **क्षतिको लिखित प्रमाण राख्नुहोस्:** आफ्नो क्षतिको लिखित प्रमाण बनाएर राख्नु दुई वटा कारणहरूले गर्दा महत्वपूर्ण छः 1) तपाईंले बीमाको दाबी पेश गर्नुभयो भने यो उपयोगी हुनेछ र 2) यसले राज्यलाई सङ्घीय विपद् सहायताका लागि आवेदन दिनमा मद्दत गर्नेछ। यस प्रक्रियामा तपाईंलाई मद्दत गर्न तल सुझावहरू छन्:
  - तपाईंले सफा गर्न सुरु गर्नु**अघि** तस्वीर, भिडियो र टिपोटहरू लिनुहोस्।
  - सफा गरिरहेको समयमा तस्वीर, भिडियो र टिपोटहरू लिनुहोस्।
  - तपाईंको सरसफाइको खर्चको हिसाबकिताब राख्न रसिदहरू जोगाएर राख्नुहोस्।

- **घरलाई सफा र सुख्खा बनाउनुहोस्ः**
  - आफ्नो घरबाट भिजेका सबै सामग्रीहरू हटाउनुहोस् र बाढीको भग्नावशेष सार्नुहोस् ।
  - झ्याल र ढोकाहरू खोल्नुहोस् ।
  - सुरक्षित भएमा पङ्खा र डिह्युमिडिफायरहरू प्रयोग गर्नुहोस् ।
  - बाढीसँग सम्बन्धित भग्नावशेष सार्वजनिक बाटोको किनारमा सार्नुहोस् । राज्य र स्थानीय नेतृत्वहरू अहिले यसलाई हटाउने योजनामा काम गरिरहेका छन् । पछि फाल्नका लागि खतरनाक सामग्रीहरू अलग राख्नुहोस् ।
- **क्षतिका बारेमा रिपोर्ट गर्नुहोस्:**
  - आफ्नो बीमा कम्पनीलाई सम्पर्क गर्नुहोस् ।
  - तपाईंले बीमा दाबी पेश नगरिरहेको भए पनि सबै क्षतिहरूका बारेमा Vermont 211 मा रिपोर्ट गर्नुहोस् । तपाईंले www.vermont211.org मा गएर पनि अनलाइनमा रिपोर्ट गर्न सक्नुहुन्छ । क्षतिको रिपोर्ट गर्नका लागि पेजको सबैभन्दा माथि रहेको "आवासीय फारम" वा "व्यवसाय फारम" प्रयोग गर्नुहोस् । तपाईंले फोनबाट 2-1-1 मा डायल गरेर पनि क्षतिको रिपोर्ट गर्न सक्नुहुन्छ ।
  - एकदमै कमको क्षति भएको भए पनि कृपया त्यसका बारेमा 211 मा रिपोर्ट गर्नुहोस् । सङ्घीय रूपमा आर्थिक सहायता प्रदान गरिने व्यक्तिगत सहयोगका लागि योग्य हुन हामीले क्षतिको थ्रेसहोल्ड (न्यूनतम सीमा) अनिवार्य रूपमा पूरा गर्नुपर्छ, त्यसैले हामीले सकेसम्म धेरैभन्दा धेरै जानकारी समेट्नु महत्वपूर्ण हुन्छ ।
- **के सरसफाइमा सहयोग आवश्यक पर्छ ?** भर्मोन्टवासीहरूले स्वयंसेवक सहायता र भग्नावशेषहरू सफा गर्न, बेसमेन्टहरूबाट फोहोर बाहिर निकालेर सफा गर्न वा अन्य पुनर्लाभ कार्यहरूका लागि मद्दत अनुरोध गर्न Crisis Cleanup Hotline मा फोन गर्न सक्छन् । Crisis Cleanup Hotline लाई 802-242-2054 मा फोन गर्नुहोस् ।
- **भग्नावशेषको ख्याल राख्ने:** सफा गर्दा भग्नावशेषहरूलाई छुट्ट्याएर सहरले फोहोर लैजाने बाटोको किनारमा राखिदिनुहोस् । पछि फाल्नका लागि खतरनाक सामग्रीहरू अलग राख्नुहोस् । बाढीको सरसफाइसम्बन्धी थप मार्गनिर्देशनका लागि Agency of Natural Resources' Flood पेजमा जानुहोस् ।
- **खेतबारी (फार्म) हरूका लागिः** किसानहरूका लागि थप मार्गनिर्देशन Agency of Agriculture's Flood पेजमा हेर्नुहोस् ।
- **सुरक्षित रहनुहोस्ः** घर फर्कने, सरसफाइ गर्ने र बाढीपछिको सामान्य सुरक्षा सुझावहरूका लागि सुरक्षा मार्गनिर्देशनको पालना गर्नुहोस् । स्रोतसाधनहरू तल छन् ।

## सहर र नगरका नेतृत्वले के गर्नुपर्छ

सार्वजनिक पूर्वाधारको मर्मत जारी राख्ने, लागतका बारेमा राम्रोसँग हिसाबकिताब राख्ने र प्रगतिको तस्वीरहरू लिने। सङ्घीय सरकारले विपद् घोषणा स्वीकृत गरेको खण्डमा तपाईंलाई प्रतिकार्य र पुनर्लाभमा लागेको खर्चका लागि शोधभर्ना गरिनेछ।

थप जानकारीका लागि Vermont Emergency Management's 2024 Flood Recovery पेजमा जानुहोस्।

## सडक बन्दबारे जानकारी

- राज्यका राजमार्ग तथा अन्तरराज्यीय सडकहरू बन्दबारे ताजा जानकारीको सबैभन्दा राम्रो स्रोत New England 511 को वेबसाइट हो। Agency of Transportation ले यो वेबसाइट रियलटाइममा अपडेट गर्छ।
- स्थानीय सडक बन्दका बारेमा थप जानकारीका लागि Waze एप प्रयोग गर्नुहोस्।

## बाढीपछिको सुरक्षा मार्गनिर्देशन

- Department of Health: कसरी सुरक्षित रूपमा आफ्नो घर वा व्यवसायमा फर्कने, कसरी आफ्नो पानी परीक्षण गर्ने र बाढी आएपछि कसरी सफा गर्ने भन्ने बारेमा जानकारी प्राप्त गर्नुहोस्।
- Agency of Natural Resources: कसरी सुरक्षित रूपमा सफा गरेर सामग्रीहरू फाल्ने, सफा पिउने पानी सुनिश्चित गर्ने, पुनर्निर्माण गर्ने र अन्य धेरै कुराहरूका बारेमा जानकारी प्राप्त गनुहोस्।
- Agency of Agriculture: डेरी सञ्चालन, मासु तथा कुखुरा प्रशोधक, बाली किसान, तरकारी उत्पादक र अन्य धेरै कुराहरूलगायत तपाईंको कृषि व्यवसायका लागि सुरक्षा मार्गनिर्देशन प्राप्त गर्नुहोस्।

## कसरी सहयोग गर्ने

- बाढीको सरसफाइमा स्वयंसेवा गर्नका लागि www.vermont.gov/volunteer मा जानुहोस्।
- बाढी पीडितहरूलाई सहयोग गर्न Vermont Community Foundation's Vermont Flood Response and Recovery Fund मार्फत दान गर्नुहोस्।
- ठूलो मात्रामा सरसामान दान गर्न खोज्ने कम्पनी र संघसंस्थाहरूले 888-653-7715 मा फोन गर्न वा donations@vermont.gov मा इमेल पठाउन सक्छन्।
- धेरै समुदायहरूले स्थानीय स्वयंसेवक प्रयासहरू गर्ने गर्छन्, त्यसैले थप अवसरहरू खोज्न आफ्नो नगर वा सहरका वेबसाइटहरू र स्थानीय सामाजिक सञ्जाल समूहहरू हेर्नुहोस्।

## द्रुत लिङ्कहरू

Translated Flood Resources - vem.vermont.gov/flood/translation

Vermont Emergency Management – vem.vermont.gov/flood

Vermont Department of Health - healthvermont.gov/flood

Agency of Natural Resources - anr.vermont.gov/flood

Agency of Commerce and Community Development - accd.vermont.gov/flood

Vermont Department of Labor - labor.vermont.gov/flood-safety-resources

Agency of Agriculture - agriculture.vermont.gov/flood

Department of Mental Health - mentalhealth.vermont.gov/flood

Volunteer for Storm Recovery - vermont.gov/volunteer